# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

२०५५ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको स्थापना र व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावना : जनकपुर र यसको माध्यमिकी (पंचकोशी) परिक्रमा क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका मठ, मन्दिर, सरोवर र स्थलहरुको सुरक्षा, सम्भार र विकास गर्न तथा

बृहत्तर जनकपुर क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक विकासका पूर्वाधारहरु विकसित गर्दै सुव्यवस्थित तीर्थस्थल एवं पर्यटन क्षेत्रको रुपमा योजनाबद्ध ढंगले विकास गर्न बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना र व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बृहत्तर जनकपुर क्षेत्र" भन्नाले माध्यमिकी (पंचकोशी) परिक्रमा मार्गभित्र पर्ने ढेराकचुरी, जनकपुर, हनुमाननगर, बहुअर्वा, बेहडावेला, तुल्सियाही जब्दी, मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन (हरिनमरी), पर्वत्ता, धनुषा धाम, सतोषर, औरही समेतको क्षेत्र सम्झनु पर्छ ।

(ख) "माध्यमिकी (पंचकोशी) परिक्रमा" भन्नाले बृहत्तर जनकपुर क्षेत्रभित्रको जनकपुरधामलाई केन्द्र मानी सनातनदेखि चलिआएको फाल्गुण शुक्ल परेवा तिथिदेखि फाल्गुण पूर्णिमासम्म लाग्ने परिक्रमा सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् सम्झनु पर्छ ।

३१०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "संचालक परिषद्" भन्नाले दफा ६ बमोजिम गठित संचालक परिषद् सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित कार्यकारिणी समिति सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले संचालक परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले संचालक परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ज) "सदस्य-सचिव" भन्नाले संचालक परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(झ) "कार्यकारी निर्देशक" भन्नाले दफा १७ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना : (१) माध्यमिकी परिक्रमा क्षेत्रभित्रको सामाजिक, आर्थिक र साँस्कृतिक विकासको लागि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नामको एक परिषद् स्थापना गरिएकोछ ।

(२) परिषद्को केन्द्रीय कार्यालय जनकपुरधाममा रहनेछ ।

४. परिषद् संगठित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

३९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) परिषद्को काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति खरीद गर्न, प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा आवश्यकतानुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. परिषदको उद्देश्य : परिषद्को उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) बृहत्तर जनकपुर क्षेत्रको सामाजिक, धार्मिक, आर्थिक तथा साँस्कृतिक विकासका पूर्वाधारहरुको विकास गर्ने ।

(ख) बृहत्तर जनकपुर क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक, पुरातात्विक महत्वका स्थानहरु र सो क्षेत्रभित्र रहेका विभिन्न सम्पदाहरुको संरक्षण र व्यवस्थापन गर्ने ।

(ग) बृहत्तर जनकपुर क्षेत्रभित्रका प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका मठ, मन्दिर, सरोवर वा अन्य स्थलहरुको पहिचान, खोजी र अनुसन्धान गर्ने ।

(घ) बृहत्तर जनकपुर क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्न आवश्यक कार्य गर्ने ।

(ङ) बृहत्तर जनकपुर क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकसित गर्ने ।

295


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. <u>संचालक परिषद्को गठन</u> : (१) परिषद्को सर्वोच्च निकायको रुपमा काम गर्न देहायका सदस्यहरु भएको संचालक परिषद् गठन हुनेछ :–

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति – अध्यक्ष

(ख) धनुषा र महोत्तरी जिल्लाका संसद सदस्यहरु – सदस्य

(ग) अध्यक्ष, गुठी संस्थान – सदस्य

(घ) सह–सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय – सदस्य

(ङ) महानिर्देशक, पुरातत्व विभाग – सदस्य

(च) महानिर्देशक, पर्यटन विभाग – सदस्य

(छ) महानिर्देशक, आवास तथा शहरी विकास विभाग – सदस्य

(ज) महानिर्देशक, भवन विभाग – सदस्य

(झ) धनुषा र महोत्तरी जिल्लाका जिल्ला विकास समितिका सभापतिहरु – सदस्य

(ञ) धनुषा र महोत्तरी जिल्लाभित्रका नगरपालिकाका प्रमुखहरु – सदस्य

(ट) धनुषा र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु – सदस्य

(ठ) राष्ट्रिय स्तरका ख्यातिप्राप्त विद्वान तथा समाजसेवीहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको दुईजना – सदस्य


३२० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) धनुषा र महोत्तरी जिल्लाका ख्यातिप्राप्त प्रतिष्ठित समाजसेवीहरु मध्ये दुई दुईजना पर्ने गरी परिषद्बाट मनोनीत चारजना - सदस्य

(ढ) बृहत्तर जनकपुर क्षेत्रभित्रका सन्त, महन्थ तथा पुजारीहरु मध्येबाट परिषद्बाट मनोनीत चारजना - सदस्य

(ण) माध्यमिकी (पञ्चकोशी) परिक्रमा मार्गमा पर्ने गाउँ विकास समितिका अध्यक्षहरु मध्येबाट एकपटकमा चारजनासम्म प्रतिनिधित्व हुने गरी आलो पालो गरी परिषद्बाट मनोनीत उक्त गाउँ विकास समितिका अध्यक्षहरु - सदस्य

(त) कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) अध्यक्षको पदावधि चार वर्षको र मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि सो पद जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ ।

(४) संचालक परिषदले आवश्यक देखेमा कुनै विशेषज्ञलाई संचालक परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

७. संचालक परिषद्को बैठक र निर्णय : (१) संचालक परिषद्को बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

329



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सदस्य–सचिवले संचालक परिषद्को बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) संचालक परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा संचालक परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) संचालक परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) संचालक परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(६) संचालक परिषद्को प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएका विषयवस्तु, बैठकबाट भएका निर्णयहरु एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको दस्तखत गराई राख्नु पर्नेछ ।

(७) संचालक परिषद्को निर्णय सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) संचालक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि संचालक परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>संचालक परिषदको काम, कर्तव्य र अधिकार</u> : संचालक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) बृहत्तर जनकपुर क्षेत्रको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने तथा विभिन्न कार्यक्रमहरु स्वीकृत गर्ने ।


322 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक श्रोत र सहयोग जुटाउने ।

(ग) बृहत्तर जनकपुर क्षेत्रको महत्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने, गराउने ।

(घ) बृहत्तर जनकपुर क्षेत्रभित्रको कुनै स्थान विशेषको महत्व, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी निषेध र नियन्त्रण गर्ने ।

(ङ) बृहत्तर जनकपुर क्षेत्रमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट संचालन हुने विकास निर्माण कार्यहरु संचालन गर्ने निकायहरु बीच समन्वय कायम गर्ने ।

(च) परिषद्को कर्मचारी दरबन्दी स्वीकृत गर्ने ।

(छ) समितिले गर्ने काम कारबाहीको सन्दर्भमा आवश्यकतानुसार निर्देशन दिने ।

(ज) समितिबाट भए गरेका कामको अनुगमन र मूल्यांकन गर्ने ।

(झ) यस ऐन बमोजिम परिषद्को उद्देश्य पूर्तिका लागि गर्नु पर्ने अन्य कार्यहरु गर्ने ।

९. <u>कार्यकारिणी समितिको गठन</u> : (१) संचालक परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न तथा परिषद्को सम्पूर्ण काम कारबाहीको संचालन तथा रेखदेख गर्न एक कार्यकारिणी समितिको गठन हुनेछ ।

323



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) परिषद्को अध्यक्ष - अध्यक्ष

(ख) धनुषा र महोत्तरी जिल्लाका जिल्ला विकास समितिका सभापतिहरु - सदस्य

(ग) जनकपुर र जलेश्वर नगरपालिकाका प्रमुखहरु - सदस्य

(घ) धनुषा र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु - सदस्य

(ङ) धनुषा र महोत्तरी जिल्लाका आवास तथा शहरी विकास कार्यालयका प्रमुखहरु - सदस्य

(च) धनुषा र महोत्तरी जिल्लाका समाजसेवी, बुद्धिजीवी तथा स्थानीय प्रतिष्ठित व्यक्तिहरु मध्येबाट प्रत्येक जिल्लाबाट दुई दुईजना पर्ने गरी परिषद्को सिफारिसमा श्री ५ को सरकारबाट मनोनीत चारजना - सदस्य

(छ) परिषद्का सदस्य भएका सन्त, महन्थ तथा पुजारीहरु मध्येबाट परिषद्ले मनोनीत गरेको एकजना - सदस्य

(ज) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (च) र (छ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

१०. <u>समितिको बैठक</u> : (१) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संचालक परिषद्बाट स्वीकृत योजना र कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

(ख) संचालक परिषद्बाट स्वीकृत योजना र कार्यक्रम कार्यान्वयन गर्दा जनसहभागिता जुटाउने तथा त्यस्तो योजना र कार्यक्रमको स्पष्ट जानकारी जनसमक्ष ल्याउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बृहत्तर जनकपुर क्षेत्र अन्तर्गत खानेपानी, ढल, बिजुली, टेलिफोन, सडक जस्ता सार्वजनिक उपयोगका साधनहरु सुव्यवस्थित गर्ने, फोहर मैला हुन नपाउने गरी स्वच्छता कायम गर्ने र सो क्षेत्रभित्रका श्री ५ को सरकारका सम्बन्धित कार्यालय, स्थानीय निकाय र गैर सरकारी संघ संस्थासंग समन्वय राखी कार्यक्रम संचालन गर्ने ।

(घ) वातावरणलाई स्वच्छ र सफा पार्न आवश्यक देखिएको ठाउँमा वृक्षारोपण गर्ने, बगैंचा तथा उद्यान निर्माण गर्ने, खुल्ला क्षेत्रको विकास गर्ने, वन्यजन्तु तथा पशुपंक्षीको संरक्षण गर्ने, नदी, नाला, पोखरी, तलाउ, सडकलाई स्वच्छ, सफा र स्वास्थ्यकर अवस्थामा राख्ने व्यवस्था गर्ने ।

(ङ) तीर्थस्थलको सुरक्षा, सम्बर्द्धन तथा सरसफाइको लागि व्यापक जनचेतना जगाउन विभिन्न माध्यमबाट प्रचार प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने ।

(च) बृहत्तर जनकपुर क्षेत्रभित्र गरिने निर्माण सम्बन्धी आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानून बमोजिम घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यलाई जग्गा छुट्याउने कार्य गर्ने ।

(छ) पर्यटनका लागि उपयुक्त हुने स्थलहरुमा पर्यटन विकासका पूर्वाधारहरु खडा गर्ने ।

(ज) बृहत्तर जनकपुर क्षेत्रको विकासमा अभिरुची राख्ने व्यक्ति, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्था वा निकायसंग संचालक परिषद्को सामान्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्देशनमा रही पत्राचार गर्ने, सम्पर्क राख्ने, सहयोग लिने, सम्झौता गर्ने वा आवश्यक अन्य कार्य गर्ने ।

(झ) आफूले गरेको सम्पूर्ण काम कारबाहीको विवरण, समस्या तथा लेखा परीक्षणको प्रतिवेदन समेतका कुराहरु स्पष्ट देखिने गरी वार्षिक प्रतिवेदन तयार गरी संचालक परिषद् समक्ष पेश गर्ने ।

(ञ) संचालक परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

१२. उपसमिति गठन गर्न सक्ने : (१) परिषद्ले आफ्नो कार्य संचालनको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्याविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

१३. नियमित, नियन्त्रण र निषेध गर्न सक्ने : (१) परिषद्ले समय समयमा स्पष्ट रुपले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी बृहत्तर जनकपुर क्षेत्रभित्र देहायका काम कुराहरु आवश्यकतानुसार नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित, नियन्त्रण वा निषेध गरिएका काम कुराहरु परिषद्को पूर्व स्वीकृति बिना कसैले गर्न गराउन हुँदैन :-

(क) प्राकृतिक सम्पदा, वनस्पति, वन जंगल, जीवजन्तु, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरु र आवादी तथा पर्ति जग्गाहरु एवं अचल सम्पत्तिको उपभोग र प्रयोग गर्न ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ। 346

(ख) परिषद्ले तोकेको कुनै धार्मिक क्षेत्रभित्र कुनै प्रकारको बस्ती बसाउन, बसोबास गर्न, आवास बनाउन, मनोरन्जन गर्न, हाट बजार, उद्योग आदि राख्न, बसाउन वा स्थापना गर्न ।

(ग) प्राकृतिक सौन्दर्य, पर्यटनस्थल र जनसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा कुनै प्रकारले वातावरण दूषित हुने काम गर्न ।

(घ) बाटोघाटो, पुल र त्यसमा प्रयोग हुने यातायातको साधन, वृक्षारोपण, पानी, बत्ती आदि प्रयोग गर्न ।

(ङ) ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका मन्दिर, सरोवर वा अन्य स्थानहरुको पहिचान, खोजी र अनुसन्धान गर्न ।

(च) धार्मिक वा पुरातात्विक स्थलहरुमा सवारी साधनको आवागमन गर्न, विज्ञापनको लागि प्रयोग गर्न, चलचित्र छायाङ्कन गर्न, छायाँचित्र लिन र बेच्न, पोष्टर वा तस्वीर टाँस्न, कुनै किसिमको मेला संचालन गर्न, कुनै उपभोग्य वस्तुको बेचबिखन वा प्रचार प्रसार गर्न ।

(२) उपदफा (१) को प्रयोजनको लागि परिषद्ले स्वीकृति दिंदा आंशिक वा पूरा रुपले स्वीकृति दिन वा नदिन वा स्वीकृति दिंदा आवश्यक निर्देशन वा शर्त समेत तोकीदिन सक्नेछ ।

(३) उपदफा (१) अन्तर्गत परिषदले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरु कसैले परिषद्को पूर्व स्वीकृति बिना गरेमा वा परिषद्ले स्वीकृति दिंदा कुनै शर्त तोकीदिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा परिषद्ले त्यस्तो


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने परिषद्ले पैंतीस दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई त्यसरी स्वीकृति बिना वा शर्त विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ ।

१४. संरक्षित स्थल तोक्न सक्ने : (१) परिषद्ले बृहत्तर जनकपुर क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक वा पुरातात्विक दृष्टिले महत्वपूर्ण मानिएको स्थललाई सार्वजनिक सूचनाद्वारा संरक्षित स्थल तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको संरक्षित स्थलमा परिषद्ले सार्वजनिक सूचनाद्वारा कुनै काम कारबाही गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

१५. पुनरावेदन गर्न सक्ने : परिषद्ले दफा १३ को उपदफा (३) बमोजिम दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१६. निर्माणको भाग भत्काउन वा हटाउन सक्ने : (१) परिषद्बाट कुनै निर्माणको भाग भत्काउने वा हटाउने गरी भएको निर्णय उपर दफा १५ बमोजिम पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट त्यस्तो निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र पुनरावेदन नपरेकोमा परिषद्बाट निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग भत्काउनु वा हटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिषद् आफैंले भत्काउन वा हटाउन सक्नेछ र त्यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(३) उपदफा (२) बमोजिम परिषद् आफैले कुनै निर्माणको भाग भत्काउँदा वा हटाउँदा गाउँ विकास समिति वा नगरपालिकाका सम्बन्धित वडा अध्यक्षको रोहवरमा भत्काउनु वा हटाउनु पर्नेछ । त्यसरी भत्काउँदा वा हटाउँदा यथासम्भव प्रयास गर्दागर्दै पनि भत्काउनु वा हटाउनु पर्ने भाग भन्दा बढी भाग भत्किन वा हट्न गएमा परिषद् जवाफदेही हुने छैन र त्यसरी बढी भाग भत्किन वा हट्न गई क्षति पुग्न गए बापत सम्बन्धित व्यक्तिले क्षतिपूर्ति माग गर्न पाउने छैन ।

१७. कार्यकारी निर्देशक : (१) परिषद्को प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नको लागि तोकिएको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट तोकिए बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा परिषद्ले एकजना कार्यकारी निर्देशक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकको पद पूर्ति नभएसम्मको लागि श्री ५ को सरकारले कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको कुनै अधिकृत कर्मचारीलाई बढीमा तीन महिनाको निमित्त कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) परिषद्को काम सुचारु रुपले संचालन गर्नको लागि परिषद्मा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) परिषद्का कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

१९. <u>परिषद्को कोष</u> : (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार, संघ, संस्था वा व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋणको रकम ।

(ग) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम ।

(घ) परिषद्ले गरेको लगानीबाट आर्जित रकम ।

(ङ) परिषद्ले उपलब्ध गराएको सेवा बापत प्राप्त हुन आएको सेवा शुल्कको रकम ।

(च) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम विदेशी सरकार, संघ, संस्था वा व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण लिनु अघि परिषद्ले श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

तर परिषद्ले सहयोग वा अनुदान स्वरुप रकम प्राप्त गर्नको लागि श्री ५ को सरकारको स्वीकृति लिनुपर्ने छैन । त्यसरी सहयोग वा अनुदान पाएको जानकारी परिषद्ले श्री ५ को सरकारलाई दिनु पर्नेछ ।



३३१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) परिषद्को कोषमा जम्मा भएको रकम परिषद्ले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ र परिषद्ले आवश्यकता अनुसार विदेशी बैंकमा समेत खाता खोली रकम जम्मा गर्न सक्नेछ ।

(४) परिषद्को निमित्त गर्नु पर्ने सबै खर्च परिषद्को कोषबाट व्यहोरिनेछ ।

(५) परिषद्को कोषको खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

२०. लेखा र लेखा परीक्षण : (१) परिषद्को आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) परिषद्को लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले परिषद्को हिसाब किताब सम्बन्धी कागजात र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

२१. बैठक भत्ता : सदस्यहरुले बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

२२. वार्षिक प्रतिवेदन : परिषद्ले प्रत्येक वर्ष परिषद्को काम कारबाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२३. अधिकार प्रत्यायोजन : परिषद्ले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव, उपसमिति वा परिषद्को कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. श्री ५ को सरकारसंग सम्पर्क : परिषद्ले श्री ५ को सरकारसंग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिको लागि परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

२६. खारेजी र बचाउ : (१) बृहत्तर जनकपुर क्षेत्र विकास समिति (गठन) आदेश, २०४९ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा हक र दायित्वहरु यसै ऐन बमोजिम स्थापित परिषद्मा सरेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिले गरेको सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिमको स्थापित परिषद्ले गरे सरह मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित परिषद्मा कार्यरत कार्यकारी निर्देशक तथा कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्त भएका मानिनेछन् ।

लालमोहर सदर मितिः- २०५५।३।२९।२

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

333



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

336

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।